बैठक संख्या : ८६ (छयासी)

समय : दिउँसो

आज मिति २०८० भाद्र १८ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वावुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सवु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८६ औं कार्यपालिका बैठक (२०८०।०५।१८)

**विषय सूची:**

१. ८५ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा

२. जफत भएको गाडा सम्बन्धमा

३. वजार व्यवस्थापन सम्बन्धमा

४. वजार व्यवस्थापनको लागि सवारी साधन सम्बन्धमा

५. विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी शिक्षा समितिवाट पारित भई आएको प्रतिवेदन अनुमोदन सम्बन्धमा

६. राजश्व संकलनमा आएको समस्या र निर्णय अनुमोदन सम्बन्धमा

७. बिदुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सर्त एवं सुविधा सम्वन्धी व्यवस्था गर्न वनेको ऐन २०७८ सम्बन्धमा

८. यस नगरपालिकामा दर्ता भएका कृषि र पशु फर्महरुलाई मात्र अनुदान कार्यक्रममा सहभागिता गराउन प्रोत्साहन दिने सम्बन्धमा

९. विविध

क. जलश्रोत समितिमा दर्ता भईसकेका खानेपानी उपभोक्ता समितिलाई मुहान थप गर्ने सम्बन्धमा

ख. आन्तरीक आयको पुनःठेक्का सम्बन्धमा

ग. बिदुर ८ र ११ को स्वास्थ्य केन्द्रमा अ.न.मी.सहायक स्तर चौथो दरवन्दी सम्बन्धमा

घ. भिमसेन मार्ग सडक, विदुर ४ को स्ल्याव सम्बन्धमा

ङ. वित्तिय साक्षरता कक्षा सञ्चालन सम्बन्धमा

**निर्णयहरु:**

**प्रस्ताव नं १. ८५ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १.** नगर कार्यपालिकाको ८५ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं.२: जफत भएको गाडा सम्बन्धमा**

**निर्णय नं.२:** बिदुर नगरपालिका भित्र शहरी क्षेत्रको वजार व्यवस्थापन गर्ने सम्बन्धमा सडक अतिक्रमण गरी सडक किनारामा र विभिन्न चोकमा राखी व्यापार व्यवसाय गरिराखेका ठेलागाडाहरु विभिन्न मितिमा नगर प्रहरीले समाति ल्याएको ठेलागाडाहरु जफत गर्ने ।

Scanned with CamScanner

**प्रस्ताव नं.३: वजार व्यवस्थापन सम्बन्धमा**

**निर्णय नं.३:** यस नगरपालिकाको नदिजन्य तथा खानीजन्य पदार्थ गत आ.व.देखि ठेक्का नलागेको कारण नगर प्रहरी परिचालन गरी राजश्व संकलन कार्य गरिरहेको र यस आ.व.०८०/०८१ मा पनि दुईपटक सूचना प्रकाशन गर्दा समेत ठेक्का नलागेको कारण उक्त ठेक्का लगाउने विषयमा आवश्यक समन्वय र पहलको लागि श्रीमान् नगर प्रमुख ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्ने गरी समितिलाई पहलका सम्पूर्ण कार्यहरु गर्न अधिकार दिने ।

**तपसिल**

| | | |
|---|---|---|
| संयोजक | राजन श्रेष्ठ | नगर प्रमुख |
| सदस्य | प्रभा बोगटी | उपप्रमुख |
| सदस्य | लेनिन रञ्जित | वडा अध्यक्ष १ |
| सदस्य | बद्रि प्रसाद रिमाल | वडा अध्यक्ष ३ |
| सदस्य | लिलानाथ न्यौपाने | वडा अध्यक्ष ५ |

**प्रस्ताव नं.४: वजार व्यवस्थापनको लागि सवारी साधन सम्बन्धमा**

**निर्णय नं.४:** यस नगरपालिकाको वडा नं. १ देखि १३ सम्मका वडामा वजार व्यवस्थापन कार्य गर्ने लक्ष्य नगरपालिकाको रहेको र व्यवस्थापन कार्य गर्नलाई यातायातको साधन आवश्यक भएको हुंदा वजार व्यवस्थापन कार्यमा खटिएका कर्मचारीहरुलाई आवश्यक इन्धनको व्यवस्था गर्ने ।

**प्रस्ताव नं.५: विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी शिक्षा समितिवाट पारित भई आएको प्रतिवेदन अनुमोदन सम्बन्धमा**

**निर्णय नं.५:** बिदुर नगरपालिकाको शिक्षा समितिले दरवन्दी मिलान गरी अनुमोदनको लागि बिदुर नगरकार्यपालिंका वैठकमा प्रतिवेदन पेश गरेको हुंदा उक्त प्रतिवेदन अनुमोदन गरी शिक्षा शाखालाई कार्यान्वयन गर्न निर्देशन दिने ।

**प्रस्ताव नं.६ राजश्व संकलनमा आएको समस्या र निर्णय अनुमोदन सम्बन्धमा**

**निर्णय नं.६: राजश्व संकलन सम्बन्धी**

क) यस नगरपालिकाको १३ औं नगरसभाले नगरपालिका भित्र उद्योग/वाणिज्य व्यवसाय दर्ता र विभिन्न व्यवसाय कर संकलन गर्ने निर्णय गरेको हुँदा सोको कार्यान्वयन गर्नको लागि उद्योग/वाणिज्य व्यवसाय दर्ता र व्यवसाय कर उठाउनको लागि उद्योग तथा राजश्व शाखा प्रमुखको नेतृत्वमा टोली गठन गरी यस नगरपालिकाको १३ वटै वडाहरुमा खटाइ पठाउने भनी मिति २०८०/०४/२३ मा नगर प्रमुख स्तरीय भएको निर्णयहरु अनुमोदन गर्ने ।

Scanned with CamScanner

ख) यस नगरपालिकाको १३ औं नगर सभाले आ.व. २०८०/०८१ लाई कर संकलन वर्षको रुपमा घोषणा गरेको हुँदा विगत वर्षहरुमा व्यवसाय करको रुपमा यस नगरपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुमा दर्ता भई उद्योग र वाणिज्य व्यवसायको व्यवसाय कर असुल गर्न बाँकी रहेका व्यवसाय कर तिर्दै आइरहेको त्यस्ता उद्योग व्यवसायीको हकमा निजहरुले बाँकी तिर्न पर्ने व्यवसाय कर पुरै असुल गरिने । नगरपालिकामा व्यवसाय करको रुपमा दर्ता नभएका उद्योग/वाणिज्य व्यवसायहरुको व्यवसाय दर्ता गरी आ.व. २०८०/०८१ देखि करको दायरामा ल्याई कर असुल गर्ने ।

ग) करको मुख्य श्रोत व्यवसाय कर भएको र उक्त कर संकलन गर्ने कार्यमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका हुने हुंदा त्यसरी निजी क्षेत्रले गरिरहेका व्यवसायीहरुलाई व्यवसाय कर बुझाउन जानकारी गरिदिनुहुन नुवाकोट उद्योग वाणिज्य संघ, नुवाकोट चेम्बर अफ कमर्स, नुवाकोट होटल व्यवसायी संघ, घरेलु उद्योग महासंघ, नुवाकोट लगायत व्यवसाय संग सम्बन्धीत निकायहरुलाई पत्र मार्फत अनुरोध गर्ने ।

घ) कर संकलन कार्य सहज वनाउन नगर प्रमुखको संयोजकत्वमा समिति रहेको भएतापनि उक्त कार्यलाई सहज, व्यवस्थित, मर्यादित वनाउन वडा अध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसारको सदस्य राखि एक सर्वपक्षिय समिति गठन गरी कार्य गर्न वडालाई अधिकार प्रत्यायोजन गर्ने र वडामा गठन भएको समितिले तोकिएको समयमा यस कार्यालयवाट कर संकल टोली खटि कर संकलन गर्ने र उक्त समिति गठन लगायत गर्नुपर्ने अन्य कार्यको सहजिकरण गर्न राजश्व शाखावाट वडाले तय गरेको मितिमा दोहोरोपन नपर्ने गरी तालिका वनाई नगर प्रमुख समक्ष पेश गर्ने ।

**प्रस्ताव नं.७: बिदुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सर्त एवं सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७८ सम्बन्धमा**

**निर्णय नं.७:** बिदुर नगरपालिकाको नवौं नगरसभाले बिदुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सर्त एवं सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ पारित गरेको र उक्त ऐनको कतिपय दफाहरु संघीय कानून र प्रदेश कानून संग वाझिएको कारण उच्च अदालत पाटनमा मुद्दा परी विचाराधिन रहेको हुंदा ऐनमा त्यसरी संघ र प्रदेश संग वाझिएका दफाहरु संशोधन वा खारेज के गर्ने हो अध्ययन गरी परिमार्जन सहित पुन पेश गर्ने अधिकार सहित ऐन विधायन समितिमा पठाउने र परिमार्जन भएर ऐन स्वीकृत नभए सम्ममा उक्त ऐनको कुनै पनि दफा कार्यान्वयनमा नलैजाने ।

**प्रस्ताव नं.८: यस नगरपालिकामा दर्ता भएका कृषि र पशु फर्महरुलाई मात्र अनुदान कार्यक्रम सहभागिता प्रोत्साहन सम्बन्धमा**

Scanned with CamScanner

**निर्णय नं.८:** यस नगरपालिकाले आर्थिक वर्ष ०८०/०८१ देखि नगरपालिकामा दर्ता भएका कृषक/पशु फर्महरुलाई पहिलो प्राथमिकता दिई अनुदान कार्यक्रम लगायतका सुविधा उपलब्ध गराउने ।

**प्रस्ताव नं.९: विविधः**

**क) जलश्रोत समितिमा दर्ता भएका खानेपानी उपभोक्ता समितिलाई मुहान थप सम्बन्धमा**

बिदुर नगरपालिकामा जलश्रोत ऐन र नियमावली अनुसार समिति गठन भई दर्ता भएको अवस्थामा केही समितिले पहिला दर्ता भएको मुहान लगायतको श्रोतवाट खानेपानी, सिंचाई लगायतमा पानीको श्रोत कम भई सोही समितिवाट पायक पर्ने ठाउँको मुहानवाट श्रोत थप्न निवेदन दिएको र त्यसको सम्बन्धमा हाल सम्म कुनै व्यवस्था नभएको हुंदा पहिला दर्ता भएको मुहानमा अन्यत्र मुहान (श्रोत) थप्न निवेदन दिन आएको खण्डमा समितिको शुरुको दर्ता प्रक्रिया नियमानुसार नयां मुहान (श्रोत) थप्न दिई पुरानो दर्ता भएका प्रमाण पत्र खिंची दुवै मुहानको नाम उल्लेख गरी पुनःउपभोक्ता समितिलाई नयाँ प्रमाण पत्र उपलब्ध गराउने ।

**ख) आन्तरीक आयको पुनःठेक्का सम्बन्धमा**

बिदुर नगरपालिकाको नदिजन्य तथा खानीजन्य र कवाडीको विद्युतिय वोलपत्र मार्फत दुई पटक सम्म साविक ५ करोड ४० लाख (कवाडी वाहेक) को सूचना प्रकाशन गर्दा ठेक्का प्रक्रियामा नगएको कारण मिति २०८०/०५/१७ गते वसेको राजश्व परामर्श समितिवाट आन्तरीक आयको ठेक्काको परिणाम र रकमको अंकमा २३ प्रतिशत रकम कम गरी हुन आउने रकम रु.४,१५,८०,०००। (अक्षेरुपी चार करोड पन्ध्र लाख असी हजार) नदिजन्य तथा खानीजन्य पदार्थको ठेक्का विद्युतिय माध्यमवाट पुनःप्रकाशन गर्न सिफारिस भई आएकोले कवाडीको हकमा सावकिको अंक नै कायम गरी पुन सूचना प्रकाशन गर्ने ।

**ग) बिदुर ८ र ११ को स्वास्थ्य केन्द्रमा अ.न.मी.सहायक स्तर चौथो दरवन्दी सम्बन्धमा**

बिदुर नगरपालिकाको ८५ औं नगरकार्यपालिका वैठकले वडा नं.८ र ११ को शहरी स्वास्थ्य केन्द्रमा अस्थाई अ.न.मी. पद सिर्जना गर्न उक्त स्वास्थ्य केन्द्रमा कर्मचारी भए नभएको एकिन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने भनी निर्णय भएको र स्वास्थ्य शाखा संग विवरण माग गर्दा वडा नं.८ र ११ को स्वास्थ्य केन्द्रमा अ.न.मी.सहायक स्तर चौथो दरवन्दी नभई रिक्त रहेको भनी पेश हुन आएकोले उक्त दुवै वडाको स्वास्थ्य संस्थामा १/१ जना अ.न.मी.पदमा नियुक्तीको लागि प्रक्रिया अगाडी वढाउने ।

**घ) भिमसेन मार्ग सडक, विदुर ४ को स्ल्याब सम्बन्धमा**

विगत वर्ष निर्माण व्यवसायीबाट निर्माण भएको भिमसेन मार्ग सडक, विदुर ४ को स्ल्याबको भुक्तानी नदिएकोमा उक्त स्ल्याबहरु उक्त सडक खण्डमा प्रयोगमा आइरहेको र

Scanned with CamScanner

स्ल्याबमा कुनै समस्या नदेखिएकोले हाल प्रयोगमा आएका स्ल्याबहरुको प्राविधिक र सम्बन्धित वडा अध्यक्षले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने र पहिलेको दररेट अनुसार भुक्तानी दिन अर्को कार्यपालिकामा पेश गर्ने ।

**ङ) वित्तिय साक्षरता कक्षा सञ्चालन सम्बन्धमा**

सामी परियोजना कार्यक्रम अन्तर्गत वित्तिय साक्षरता कार्यक्रम चालु आ.व.मा वैदेशिक रोजगारमा रहेको कामदारका परिवार र लक्षित वर्गको बाहुल्यता रहेको वडा नं ३, ५, ६, ९ मा संचालन गर्ने ।

Scanned with CamScanner